# नमूना प्रश्नपत्र-2021-22

## विषय नेपाली-(24)

## कक्षा 10

निर्धारित समयः 90 मिनट

अधिकतम अङ्कः40

# सामान्य निर्देश

**भाग -1**

**निम्नलिखित निर्देशनलाई ध्यानपूर्वक पढ़ेर पालन गर्नुहोस्।**

**भाग 1 मा वस्तुपरक प्रश्नहरू सोधिएका छन्।**

- कूल 50 वटा प्रश्न सोधिएका छन् जो वैकल्पिक प्रश्नहरू छन् जसमध्ये 40 वटा प्रश्नका उत्तर दिन अत्यन्त जरूरी छ।
- सही उत्तर भएको गोलामा केवल निलो वा कालो मसी भएको बल पेनले भर्नुपर्ने हुन्छ।
- भाग एकमा कूल ६ वटा प्रश्न सोधिएको छ। निर्देशनलाई पालन गर्दै सोधिएका वस्तुपरक प्रश्नका उत्तर दिनुहोस्।

| | |
|---|---|
| Q.1 **(अ) निम्न गद्यांश राम्ररी पढ़ेर सोधिएका सही वैकल्पिक प्रश्नहरुको उत्तर दिनुहोस्।**<br><br>विद्यार्थी जीवन मनुष्य जीवनको सबै भन्दा उत्तम  महत्त्वपूर्ण अवस्था हो। विद्यार्थी जीवन कतिपय कारणहरूले गर्दा ईर्ष्या गर्न लायकको जीवन मानिन्छ। विद्यार्थी जीवनमा व्यवहारिक उत्तरदायित्त्वहरू नभएको हुनाले नै मानिसहरू विद्यार्थी जीवनलाई सुनौलो जीवन मान्छन्। विद्यार्थी जीवनमा नै भावी जीवनको आधारको निर्माण हुन्छ। विद्यार्थी जीवनमा निर्माण भएको आधार बलियो भए मात्र भावी जीवन सुखमय बन्नसक्छ। विद्यार्थी जीवनमा बाल-बालिकाहरू नयाँ-नयाँ आदतहरू सिक्छन्। यी आदत वा व्यवहारहरू सिक्छन्। यी आदत वा व्यवहारहरू कोही राम्रा हुन्छन् कोही निम्न। राम्रा आदत अप्नाउनेहरू प्रगतिको मार्गमा अग्रसर भएर जीवन असल बनाउँछन् निम्न आदत अप्नाउनेहरू जीवनमा कुनै पनि सफलता हासिल गर्न सक्दैनन् र जीवन बर्बाद बनाउँछन्। उहिलेका विद्यार्थीहरूको जीवन कठोर हुन्थ्यो। उनीहरू गुरुकुलमा प्रवेश गरेर गुरुको आज्ञा पालन गरेर शिक्षा आर्जन गर्नुपर्थ्यो तर आज यी सब छैनन्। आज विद्यार्थीहरू गुरुकूलमा प्रवेश नगरी विद्यालयतिर नै शिक्षा हाँसिल गर्छन्। प्राचीन संस्कृत भनाइअनुसार विद्यार्थीको मुख्य कर्तव्य विद्याध्ययन हो। यो वाहेक विद्यार्थीको अरू केही काम हुँदैन। तर आज उक्त भनाइ समय सापेक्ष मान्न सकिँ दैन। अधिक व्यस्त समयमा विद्याध्ययनको साथसाथै अरू व्यवहारिक ज्ञान प्राप्त गर्नु पनि अपरिहार्य छ जसले एक सफल जीवनको घड़ेरीको निर्माण हुन्छ। यस उसले गर्दा आजका आधुनिक विद्यार्थीहरू विद्याध्ययन साथै व्यवहारिक ज्ञानको विकासमा तन-मन अर्पण गर्नुपर्छ तब मात्र भावी जीवन सुखमय र गौरवपूर्ण बन्नसक्छ। | |
| **1. निम्नलिखित (6) वटा प्रश्नहरूमध्ये (5) वटा गर्न अत्यन्त जरूरी छ।** | **[1x5=05]** |
| क)उहिले विद्यार्थीहरूले कहाँ विद्या आर्जन गर्थे ?<br>(i)विद्यालय<br>(ii)वेदशाला<br>(iii)राजदरबार<br>(iv)गुरुकूल | |
| ख. प्राचीन संस्कृत भनाइ अनुसार विद्यार्थीको कर्तव्य के हो ?<br>(i)चरित्रको विकास<br>(ii) गुरुको सम्मान<br>(iii)विद्याध्ययन<br>(iv) पुस्तक पठन | |
| ग. विद्यार्थी जीवनलाई किन सुनौलो जीवन मानिएको हो ?<br>(i) काम नहुनाले<br>(ii) आय स्रोत नहुनाले<br>(iii)व्यवहारिक उत्तरदायित्त्वहरू नहुनाले<br>(iv) विद्यालयमा साथीहरू हुनाले। | |

| | |
|---|---|
| घ) आधुनिक विद्यार्थीहरूले जीवन सफल बनाउन् कुन कुराहरूमा मन लगाउनु पर्छ ?<br>(i) व्यवहारिक ज्ञान<br>(ii) विद्याध्ययन र व्यवहारिक ज्ञान<br>(iii) विद्याध्ययन<br>(iv) निम्न आदतहरूको विकास | |
| ङ. विद्यार्थी जीवनमा के निर्माण हुन्छ ?<br>(i) भावी जीवनको आधार<br>(ii) नराम्रो गुणहरू<br>(iii) सोच्ने क्षमता<br>(iv) असल साथीहरूको झुण्ड | |
| च. विद्याथी जीवन मनुष्यको सबैभन्दा ......... र महत्त्वपूर्ण अवस्था हो।<br>(i) उत्तम<br>(ii) सुखमय<br>(iii) सुनौलो<br>(iv)लायक | |
| **2. निम्नलिखित पद्यांश राम्ररी पढ़ेर त्यसमाथि सोधिएका कुनै 6 वटा मध्ये 5 प्रश्नका उत्तर दिन अत्यन्त जरूरी दिनुहोस।**<br>जीन्दगीको मौसम रहँदै,<br>खन-खन दिलको खेत।<br>बाँझो नहोस् पानी पर्दै,<br>चेतनजल शुद्ध सफेद।।<br>अनंत ठूलो सागरबाट,<br>घुमी-घुमी मौसम आयो।<br>खूब फूल्दछ दिलको माटो,<br>वर्षाले गान सुनायो।।<br>इन्द्रिय गोरू शरीर हलोमा बाँधी,<br>खनखन दिलको खेत।<br>बीउ छन जगमा कर्म हजारौं,<br>रोप फुलाउ लह-लह खेत।।<br>जीन्दगीको मौसम रहँदै ,<br>खन-खन रोप फुलाऊ।<br>पर्खन्न कसैकन काल निठुरी,<br>हाय यसै ननिदाऊ।।<br>रोप-रोप बीउ सब अहिले,<br>अन्न फलोस पछिलाई।<br>नरूनु पछाड़ि आउँछ जहिले,<br>हिउँद कड़ा तिमीलाई।। | **[1x5=5]** |

| | |
|---|---|
| क)मानव जीवन के हो ?<br>(i)एउटा फूल हो<br>(ii)मौसम हो<br>(iii)पतझड़ हो<br>(iv) एउटा ऋतु हो | |
| ख. यहाँ कविले इन्द्रियलाई कोसित तुलना गर्नुभएको छ ?<br>(i)वर्षासँग<br>(ii) गाईसँग<br>(iii)भैंसीसँग<br>(iv) गोरूसँग | |
| ग. यो जगतमा बीऊरूपी........... हजारौं छ।<br>(i) लक्ष्य<br>(ii) कर्म<br>(iii)उद्देश्य<br>(iv) निर्णय | |
| घ. समय वा काललाई कतिले के भनी सम्बोधन गरेका छन् ?<br>(i) निठूरी<br>(ii) बलवान<br>(iii)देयवान<br>(iv) धैर्यवान | |
| ङ. ''बाँझो'' भन्नाले के बुझिन्छ ?<br>(i) मलिलो<br>(ii) उर्वर<br>(iii) नखनिएको<br>(iv) कृषि योग्य | |
| च.''शुद्ध'' को विपरीतार्थक शब्द...... हो।<br>(i) अशुद्ध<br>(ii) कश्चन<br>(iii) पवित्र<br>(iv)विशुद्ध | |
| **3**. निम्नलिखित **18** वटा प्रश्नहरूमध्ये कुनै **16** वटा प्रश्नका सही विकल्प चुनेर उत्तर दिनुहोस्।<br>क)शुरु शब्दको सही अर्थ.........? | **[1x16=16]** |

| | |
|---|---|
| (i) आधा<br>(ii)आदि<br>(iii) आधी<br>(iv) इत्यादि | |
| ख. 'आकाश' शब्दको पर्यायवाची शब्द........ ?<br>(i) प्रभु<br>(ii) चन्द्रमा<br>(iii)ब्रह्माण्ड<br>(iv) अम्बर | |
| ग. अविराम र अभिराम शब्दको अर्थको सही क्रम कुन हो ?<br>(i) सुन्दर र निरन्तर<br>(ii) निरन्तर र सुन्दर<br>(iii)पर्खनु र हिँड्नु<br>(iv) गल्ती गर्नु र सुधार्नु | |
| घ. अनेक अर्थमा प्रयुक्त हुने शब्द..........।<br>(i) विपरीतार्थक<br>(ii) भिन्नार्थक<br>(iii)पर्यायवाची<br>(iv) अनेकार्थक | |
| ङ. सही वाक्य चुनेर लेख्नुहोस्।<br>(i) मैले भात खाएँ<br>(ii) मैले भात खाए<br>(iii)मैले भात खायो<br>(iv) मैले भात खान्छु | |
| च. नाके बोलीले उच्चारण हुने शब्दलाई ....... भनिन्छ।<br>(i) ह्रस्व<br>(ii) दीर्घ<br>(iii) अनुनासिक<br>(iv) विशेषण | |
| छ.तलका शब्दहरूमध्ये 'ह्रस्व' चिन्ह लागेका शब्द चुनेर लेख्नुहोस्।<br>(i) शान्ति<br>(ii) टोपी<br>(iii) मिठाई<br>(iv) नोकरी | |

| | |
|---|---|
| ज .घाममा सुकाउन राखिएको अन्न.........?<br>(i) बिस्कुन<br>(ii)घाम<br>(iii) चामल<br>(iv) खाद्य | |
| झ. कुन शब्दमा हलन्त सही वर्णमा लागेको छैन........ ?<br>(i) अर्थात्<br>(ii) जगत्<br>(iii) परम<br>(iv) एव्म | |
| ञ. एउटै शब्दको धेरै अर्थ बुझाउने शब्द..........हो।<br>(i) विपरीतार्थक<br>(ii) भिन्नार्थक<br>(iii)पर्यायवाची<br>(iv) अनेकार्थक | |
| ट. झाँकको स्त्रीलिङ्ग ......... हो।<br>(i) भुनी<br>(ii) मुड्ली<br>(iii)ढोई<br>(iv) पोथी | |
| ठ. अशुद्ध शब्द छानेर लेख्नुहोस्-।<br>(i) गगण<br>(ii) क्षति<br>(iii) तँलाई<br>(iv) नीरोग | |
| ड.चन्द्रबिन्दुको उच्चारण गर्न पर्दा मुखको कुन भागबाट उच्चारण हुन्छ?<br>(i) दाँतबाट<br>(ii) नाकबाट<br>(iii) तालुबाट<br>(iv) ओंठबाट | |
| ढ)दीर्घ स्वर भन्नाले ....... बुझिन्छ।<br>(i) उच्चारण गर्दा बढ़ी समय लाग्ने<br>(ii) उच्चारण गर्दा कम समय लाग्ने<br>(iii) नाकबाट उच्चारण हुने<br>(iv) कण्ठबाट उच्चारण हुने | |

| | |
|---|---|
| ण. तलका वाक्यहरूबाट चन्द्रबिन्दुको प्रयोग भएको शब्द चुन्नुहोस्।<br>(i) संसार<br>(ii) दुःख<br>(iii) अँगाल्नु<br>(iv) पगरी | |
| त. तलका कुन विकल्पमा विलोम शब्दको जोडी मिलेको छैन?<br>(i) रात-दिन<br>(ii) रात्रि- दिवा<br>(iii) राती-दिउँसो<br>(iv) अँध्यारो घाम | |
| थ. गुरु शब्दलाई बहुबचन बनाउँदा कुन प्रत्यय प्रयोग गर्नुपर्छ?<br>(i) हर<br>(ii) जन<br>(iii) गण<br>(iv) वर्ग | |
| द. हर्के हिजो बजार .........।<br>(i) जानेछ<br>(ii) गयो<br>(iii) जान्छ<br>(iv) गए | |
| **4. . निम्नलिखित गद्यांश राम्ररी पढ़ेर त्यसमाथि सोधिएका कुनै 6 वटा मध्ये 5 प्रश्नका उत्तर दिनुहोस।**<br>भोलिपल्ट बिहान भात-सात खाएर चामे ससुराली जान तयार भयो। सन्दूकबाट पनेलाको दौरा सुरुवाल झिकेर लगायो। टोपीमाथि गौंथलीले तमाखुको पोको ऱाखिदिएकी रहिछ, कस् लागेछ, कच्याककुचुक पनि भएछ। चामे रिसाएर फतफताउऩ थाल्यो। ''राँड़ीको ढङ्ग हेर, माल पाएर के गर्नु चाल पाए पो हुन्छ। आफ्ना बाबु-बराज्यूले बिर्खे टोपी लगाएको भए पो थाहा पाउँथी, बाबु खाँड़ीको टोपी लाएर भाङराको गादो पारेर हिँड्छ छोरी किन गतिली हुन्थी बाहुनले च्याउ खायो न स्वाद।'' एकछिन फत्फताएर तानतुन पारेर टोपी लायो। अस्कोट अर्को थिएन उही पुरानो लगायो। ओढ्नेको कुटुरो पिठ्यूँमा छड्के पारेर बाँधेर हातमा एउटा झुत्रो लिएर हिँड्यो।<br>चामे ससुरालीका घरमन्तिर चौतारामा बसेर पुग्न लागेको थियो, गाउँदेखि माथि वनको छेउमा घाँसको भारी बिसाएर गौंथली गीत गाउन थाली-<br>*''उड़ी जाउँ भने म पंछी होइन बस्न त मन छैन।''*<br>चामे मुर्मुरियो-घाँस खान नपाएर भैंसीको पेट गाइनेको सारङ्गी जस्तो भइरहेछ, राँड़ यहाँ बसेर वन रन्काउँछे।<br>एकछिन चौतारामा थकाइमारेर चामे बिस्तारै उकालो लाग्यो। चिलाउनेका रुखनेर पुगेपछि चामेका | **[1x5=5]** |

| | |
|---|---|
| गोड़ा अलि गह्रौं भए। सासू-ससुराले केही भन्छन् कि भन्ने लाग्यो। बिस्तार-बिस्तार तगारानेर पुग्यो। सासू जुठ्यानमा बसेर ताप्के मस्काउन लागेकी रहिछ। ससुरो पिँढ़ीमा बसेर तमाखु खान लागेको थियो। सासूलाई देखेर चामेले हात जोरेर ढोगिदियो। सासूले पनि जुठै हातले ढोग फर्काई। चामे पिँढ़ीमा बस्यो। ससुरो हुक्कानली चामेको हातमा दिएर ढोगी दिन निहुरेको थियो चामेले गोड़ा जोरिदियो। | |
| (क) चामे ससुराली किन गएको थियो ?<br>(i)सासू-ससुरालीसित भेटघाट गर्न<br>(ii)दशै मान्न<br>(iii)सालीको बिहेमा<br>(iv)गौंथलीलाई घर फर्काई ल्याउन | |
| (ख ) ‘‘बाँसको भारी बिसाएर गीत गाउने....... थिई ?<br>(i) गौंथली<br>(ii) गौंथलीकी साथी<br>(iii) गौंथलीकी आमा<br>(iv)गौंथलीकी दिदी | |
| (ग ) यो गीत सुनेर चामे किन मुर्मुरियो ?<br>(i) थाकेर लखतरान भएको<br>(ii) गीत मन नपरेर<br>(iii) गौंथली नभेटेर<br>(iv) घरमा भैंसीको बिजोक सम्झेर | |
| (घ ) ससुराली घरछेऊ पुगेपछि चामेको गोड़ा किन अलि गह्रौं भयो ?<br>(i) थाकेर लखतरान भएको<br>(ii) गौंथली कुटेको दोक्ले<br>(iii) सासू-ससुराले गाली गर्लान् कि भनेर<br>(iv) गोड़ा दुखेर | |
| (ङ ) चामेको ससुरो घरमा के गर्दै थियो ?<br>(i) हुक्का नली खाँदै थियो<br>(ii) भात खाँदै थियो<br>(iii) चिया खाजा खाँदै थियो<br>(iv) सुतीरहेको थियो | |
| (च )कसलाई देखेर चामेले हात जोरेर ढोगिदियो ?<br>(i) सासूलाई<br>(ii) ससूरालाई<br>(iii) गौंथलीलाई | |

(iv) कसैलाई पनि होइन

**5. निम्नलिखित पद्यांश राम्ररी पढ़ेर त्यसमाथि सोधिएका कुनै 6 वटा मध्ये 5 प्रश्नका उत्तर दिनुहोस।** **[1x5=5]**

टाढ़ा देख्ने ती आँखाले
देख्न सकेनन् वरिपरिका
पृथ्वीका तारा,
चामे, रामे हर्के, वीरे कति तारा
छन् पृथ्वी मै -तर देख्ने कसले ?
तारा भएरै पनि ती बिचरा!
गाँस-बासको डोहो-डोहोले
पिई आँशुका नुनिला धारा
गनी गनी टाढ़ाका तारा
कुकुर जस्तै हीन भएऱ
बिताइरहेछन् जीवन सारा
आकाशका तारा के तारा!
न उनमा छ आफ्नोपन क्यै!
एक सूर्यको ज्योतिमा नै
ती ताराको अस्तित्व हराउँछ,
तर यी तारा,
हर्के, वीरे, चामे सारा
कसले चिन्ने यिनीहरूलाई ?
चिन्न सके त-
एक हर्केमा, एक वीरेमा
एकेक सूर्यको शक्ति निहित
एक चामेको, एक रामेको
विवेक-ज्योतिले विश्व सिंगार्छ!!
अन्धो पृथ्वी अन्धा हामी!
हाम्रा लागि घरको दूध पानीसरि छ,
नौ लाख तारा टाढ़ा हुनाले तारा छन्
रामे, चामे, हर्के, वीरे झटारा छन्!!

(क) टाढ़ा देख्ने हाम्रा आँखाले देख्न सकेनन् ......... तारा ?
(i) पृथ्वीका
(ii)रातका
(iii) आकाशका
(iv) आँखाका

(ख ) कविले पृथ्वीका तारा भनेर कसलाई भनेका छन् ?
(i) हर्के, बीरेलाई
(ii) खोला -नालालाई

| | |
|---|---|
| (iii) गाई-वस्तुलाई<br>(iv) वन जङ्गललाई | |
| (ग ) पृथ्वीका तारालाई हामीले कसरी हेर्दैनौ ?<br>(i) ध्यान नदिएर<br>(ii) परवाह नगरेर<br>(iii) साधारण सम्झेर<br>(iv) नहेरेर | |
| (घ ) तिनीहरू के जस्तो 'हीन' भएर सारा जीवन बिताइरहेछन् ?<br>(i) बाघ जस्तो<br>(ii) माग्ने जस्तो<br>(iii) कुकुर जस्तो<br>(iv)बौलाह जस्तो | |
| (ङ ) ताराको अस्तित्व कसरी हराउँछ ?<br>(i) एक चन्द्रको ज्योतिमा<br>(ii) एक गाडीको<br>(iii) एक बिजुलीको<br>(iv) एक सूर्यको | |
| (च ) के नझरे बिहान हुँदैन ?<br>(i) चन्द्रमा नलुके<br>(ii) बादल नहरे<br>(iii) तारा नझरे<br>(iv) घाम नलागे | |
| **6. निम्न सोधिएका कुनै 8 वटा प्रश्न मध्ये 4 प्रश्नका उत्तर दिन अत्यन्त जरूरी छ।** | **[1x4=4]** |
| (क) आजका आधुनिक मानिसहरू के गर्नमा व्यस्त छन् ?<br>(i) साहित्य अध्ययन<br>(ii) समाजको सेवा<br>(iii) आफ्नै स्वार्थ पूरा गर्न<br>(iv) मानवको सेवा | |
| (ख )कवितामा कस्ता कुराहरू पाइन्छन् ?<br>(i) अमानवता<br>(ii) स्वार्थ<br>(iii) मानवताका/ जीवनका<br>(iv)नकारात्मक | |

| | |
|---|---|
| ग.हाम्रो ओंठमा हाँसो कतिबेला आउँछ ?<br>(i) जब हामी सफल हुन्छौं<br>(ii) जब देशले उन्नति गर्छ<br>(iii) जब हामीलाई चाहिएको कुरा प्राप्त हुन्छ<br>(iv) जब वीरहरूले रगतको भेटी चढ़ाउँछन् | |
| घ. शहिदहरूको सम्झनामा कवितामा कविले हामीलाई के नबिर्सिनु भनेका छन् ?<br>(i) आफ्नो परिवार<br>(ii) देश प्रेम<br>(iii) आफ्नो कर्तव्य<br>(iv) आफ्नो मित्रगण | |
| ङ. हामीले कर्तव्य बिर्से कसले धिक्कार्ने छ ?<br>(i) शहीदले धिक्कार्ने छ<br>(ii) इतिहासले धिक्कार्ने छ<br>(iii) पूर्खाले धिक्कार्ने छ<br>(iv) धरतीले धिक्कार्ने छ | |
| च. कविले कानूनको जिम्माले कसलाई दिनुभएको छ ?<br>(i) वकीललाई<br>(ii) रूपियाँलाई<br>(iii) अदालतलाई<br>(iv) न्यायालयलाई | |
| छ.शान्तिमय मुलुक बन्नको निम्ति के हुन जरूरी छ ?<br>i) युद्ध हुन जरूरी छ<br>(ii) शान्तिको सन्देश छर्न जरूरी छ<br>(iii) देशहितबारे सोच्नु जरूरी छ।<br>(iv) दुइ-चार सपूत शहीद हुन जरूरी छ। | |
| ज. ''इस पढ़छु तेरो कविता'' मा कविका छोरा कहाँ पढ़दैछन् ?<br>i) गोरखपूरमा<br>(ii) गाजियाबादमा<br>(iii) ग्वालियरमा<br>(iv) गुड़गाव | |